**निर्णय नं. ३**
प्रस्ताव नं. ३ मा छलफल गर्दा यस नगरपालिका अन्तर्गतका बजार क्षेत्रहरुको सरसफाईका लागि बजार क्षेत्रबाट उत्पन्न हुने फोहोरमैला व्यवस्थापनका लागि फोहोर व्यवस्थापन केन्द्रको उचित स्थान छनौट गरि प्रत्येक बजार क्षेत्रमा आवश्यक मात्रामा फोहोर संकलन गर्नको लागि कन्टेनर खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**
प्रस्ताव नं. ४ मा छलफल गर्दा यस नगरपालिकाका पदाधिकारीहरुलाई अत्यावश्यक कामको लागि सवारी साधनको आवश्यकता पर्ने भएको हुँदा हाललाई निजी सवारी साधन भाडामा लिई प्रयोग गर्ने र भाडामा प्रयोग गर्दा चलन चल्तीको दररेटमा प्रयोग गर्ने निर्णय गरियो । साथै प्रत्येक वडा कार्यालयको लागि एक/एक वटा मोटरसाइकल आवश्यक प्रक्रिया पुऱ्याइ खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**
प्रस्ताव नं. ५ मा छलफल गर्दा यस नगरपालिका कार्यालयमा प्राविधिक जनशक्तिको अभावको कारण प्राविधिक कामकाजमा असहजता भएको हुँदा जिल्लाबाट प्राविधिक कर्मचारी खटिई नआउदा सम्मका लागि मिति २०७४/०५/१४ मा यस कार्यालयबाट प्राविधिक जनशक्ति करारमा भर्ना गर्नको लागि सूचना प्रकाशित भएकोमा सो सूचनालाई समर्थन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**
प्रस्ताव नं. ६ मा छलफल गर्दा यस नगरपालिका स्थित बजार क्षेत्र लगायत सडक क्षेत्रहरुमा छाडा पशुचौपायाहरुलाई नियन्त्रण गर्नको लागि जानकारीमूलक ७(सात) दिने सूचना साथै माइकिङ्ग गरि जानकारी गराउने र उक्त सूचनाको अवज्ञा गरेमा सुरक्षा निकायको समेत सहयोग लिई छाडा पशु चौपायाहरुलाई यस नगरपालिकाले नियन्त्रणमा लिई नगर क्षेत्र भन्दा बाहिर स्थानान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**
प्रस्ताव नं. ७ मा छलफल गर्दा नगर कार्यपालिका नियामावली २०७४ अनुसार आ.ले.प शाखा स्थापना गरि शाखा प्रमुखको समेत व्यवस्था गर्ने निर्णय गरियो